*शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार : बहुसांस्कृतिक, आवासीय समृद्ध सहर*

# धरान उप-महानगरपालिका
## DHARAN SUB-METROPOLITAN CITY
# नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
सामाजिक विकास महाशाखा

प.स. / letter No : २०८२/०८३
च.नं. / Ref No : 2258

धरान, सुनसरी
DHARAN, SUNSARI

कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal

मितिः २०८२/१२/०९

विषय: राष्ट्रिय वाणिज्य बैंकमा रहेको सामाजिक सुरक्षा निष्कृय खाता बन्द गर्नका लागि सिफारिस गर्ने सम्वन्धमा।

श्री वडा कार्यालयहरु (१-२० सवै),
धरान उपमहानगरपालिका, धरान।

प्रस्तुत विषयमा धरान उपमहानगरपालिका सामाजिक विकास महाशाखाको च.नं. ४२५६ मिति २०८२।१०।२१ गतेको १५ दिने जानकारी पत्र, च.नं. ४७७५ मिति २०८२।११।१३ गतेको ७ दिने जानकारी पत्र र च.नं. ४८३२ मिति २०८२।११।२५ गतेको ३ दिने जानकारी पत्र साथै २०८२ साल फाल्गुन.२५ गतेको ब्लाष्ट टाइम्स दैनिकमा प्रकाशित सामाजिक सुरक्षा निष्कृय खाता बन्द गर्ने सम्बन्धी सूचना तहाँ वडा कार्यालयहरुलाई पठाईसकिएको व्यहोरा विदितै छ।यस सम्बन्धमा महालेखा परीक्षको कार्यालयबाट आ.व. २०८१/८२ को लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनको बुदा नं. ७०.५ मा राष्ट्रिय बाणिज्य बैंकमा रहेको २८१३ जना लाभग्राहीहरुको खाता खोलेको मितिबाट २०८० साल पौष १५ गते देखी हाल सम्म कुनै कारोवार नभएको खाता बन्द गरि सो खातामा रहेको रहेको रकम बैंकबाट फिर्ता गरी संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नु भनि उल्लेख भएको। यस सम्बन्धमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा ३ मा एक आर्थिक वर्षसम्म एउकपटक पनि रकम नझिकेको लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी आवश्यक छानविन गरी कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टाहुने मिति सम्मको रकम सम्बन्धित हकवलालाई भुक्तानी गरि सो मिति भन्दा पछिको रकम फिर्ता गरि संघीय संचित कोषमा दाखिला हुनुपर्ने कानूनी प्रावधान रहेको।

यसर्थ यसैसाथ संलग्न राष्ट्रिय वाणिज्य बैंकमा रहेको २०८० साल पौष १५ गते देखि हाल सम्म कुनै कारोवार नभएको निष्कृय खाता रहेका लाभग्राहीहरुको विवरणमा तहाँ वडाकार्यालयहरुले आफ्नो वडाकार्यालयको लाभग्राही रहेको वा नरहेको एकिन गरि रहेको भए तत्कालमा खाता संचालन गर्न लगाउन र नरहेएमा खाता बन्द गरी संघीय संचित कोषमा दाखिला गर्नका लागि लाभग्राहीहरुको विवरण पत्रको मितिले सात दिनभित्र धरान उपमहानगरपालिकाको सामाजिक विकास महाशाखा इमेल ठेगाना social@dharan.gov.np मा सिफारिस गरिदिनुहुन अनुरोध छ।

०८२।१२।०९

.................................
(अनन्त राई)
सामाजिक विकास महाशाखा प्रमुख
अनन्त राई
अधिकृत आठौं

**सादर अवगतार्थ**
श्री का.वा. नगर प्रमुख ज्यू,
श्री नि.प्रमुख प्रशासकीय अधिकृत ज्यू,
श्री सूचना प्रविधि शाखा, सबै वडाहरुलाई जानकारी गराई दैनिक पत्रिकामा सूचना प्रकाशन गरि जानकारी गर्नुहुन।